USAID | NEPAL
FROM THE AMERICAN PEOPLE

Embassy of the United States
Public Affairs Office
Kathmandu, Nepal
Tel: 400-7200

मार्च २४, २००८

## अमेरिकी सहयोग नियोगले विश्व क्षयरोग दिवस मनायो

आज अमेरिकी सरकारले नेपाल सरकार तथा अन्तर्राष्ट्रिय तथा स्थानीय सहकर्मीहरूसँग मिली विश्व क्षयरोग दिवस मनाउँदै छ । सन् १९९० देखि संसारभरिनै क्षयरोगबाट हुने मृत्यु घटिरहेको भएतापनि यस रोगबाट अझै विश्वमा प्रतिवर्ष १६ लाखभन्दा बढी मानिसको ज्यान गईरहेको छ ।

प्रत्येक वर्ष एच.आई.भी. रोगबाट २० लाखभन्दा बढी र औलोबाट १० लाखभन्दा बढी मानिसको मृत्यु भइरहेको सन्दर्भमा सरुवा रोगबाट हुने मृत्युका तीन प्रमुख कारणहरूमध्ये क्षयरोग एक भएको देखिन्छ । करिब १० प्रतिशत क्षयरोगका बिरामीहरूमा एच.आई.भी. रोगको संक्रमण भएको पाईन्छ । क्षयरोग एच.आई.भी. संक्रमण भएका बिरामीहरुको मृत्युको प्रमुख कारण बन्न पुगेको छ । त्यसकारण अमेरिकी सहयोग नियोगका कार्यक्रमहरुले नयाँ "स्टप टि.बि." (STOP TB) कार्यक्रमका रणनीतिहरूसँग पूर्णरुपमा संलग्न भई एच.आई.भी. संक्रमित क्षयरोगी र अरु कुनैपनि किसिमको औषधि उपचार बाट निको नहुने क्षयरोगीहरुलाई समेत विशेष ध्यान दिँदै आएको छ ।

अमेरिकी सहयोग नियोग (USAID) का निर्देशक बेथ पेजले क्षयरोगको औषधोपचार हुन थालेको पचास वर्ष नाघिसकेको भएतापनि यस रोगले भने मानवजातिमा अझै ठूलो प्रभाव पार्दै आएकोछ भन्नुभयो । आज यसरी विश्व क्षयरोग दिवस मनाइरहँदा हामीलाई "यत्र टि.बि. सर्बत्र टि.बि." (TB Anywhere is TB Everywhere) भन्ने भनाईको स्मरण भएको छ, वहाँले भन्नुभयो । अमेरिकी सहयोग नियोग संसारभरिनै क्षयरोगलाई नियन्त्रणमा राख्न पूर्ण रुपमा प्रतिबद्ध छ, वहाँले भन्नुभयो ।

सन् २००० देखि २००७ सम्ममा अमेरिकी सहयोग नियोगले विश्वमा क्षयरोग नियन्त्रण कार्यक्रमको निमित्त करिब ६० करोड डलर सहयोग गरेको छ । सन् २००८ को लागि "STOP TB Partnership's Global TB Drug Facility" भन्ने कार्यक्रमको लागि नियोगले आफ्नो सहयोग रकममा एक करोड पचास लाख अमेरिकी डलर सम्मको बृद्धि गर्ने भएकोछ । आवश्यकता परेका मुलुकहरूमा औषधि वितरणका लागि यो कार्यक्रम एक महत्वपूर्ण माध्यमको रुपमा रहेको छ ।

अमेरिकी सरकारले Global Fund to Fight AIDS, TB and Malaria कार्यक्रम मार्फत संसारभरि क्षयरोग नियन्त्रणको निमित्त सहयोग पुर्‍याई आईरहेको छ । यसका क्षयरोगसम्बन्धी कार्यक्रमहरू नेपालमा पनि सञ्चालित छन् । अमेरिका उक्त कार्यक्रमको लागि सहयोग पुर्‍याउने एक मात्र ठुलो दातृराष्ट्र हो जसले सन् २००८ मा मात्र दुई अरब भन्दा बढी रकम प्रदान गर्ने घोषणा गरेको छ । उक्त सहयोग रकमको करिब १७ प्रतिशत रकम क्षयरोग नियन्त्रण कार्यक्रमको लागि छुट्याइएको छ ।

विगत ५५ बर्षदेखि अमेरिकी सहयोग नियोगको नेपाल स्थित कार्यालयले नेपाललाई बिभिन्न कार्यक्रमहरु, जस्तै शान्ति प्रकृया, प्रजातन्त्र र सुशासन, स्वास्थ्य र परिवार नियोजन, आर्थिक बृद्धि तथा मानवीय उद्धार कार्य आदिमा सहयोग पुर्‍याउँदै आएको छ । अमेरिकी सरकारले यो वर्ष नेपाली जनतालाई ७ करोड डलर भन्दा बढी वैदेशिक सहयोग प्रदान गर्नेछ ।

####

U.S. Agency for International Development
G.P.O. Box 295
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200
Fax 977-1-4007285
http://nepal.usaid.gov

Public Affairs Section
Embassy of the United States of America
P.O. Box 58
Maharajgunj, KATHMANDU, NEPAL
Tel: 977-1-4007200/Fax: 977-1-4007280
http://nepal.usembassy.gov